# यसरी मेलम्ची हेर्ने धोको पूरा भयो

*रमेश विकल*

हिजोआज अखबारका स्तम्भपङ्क्तिहरूमा खुब चर्चामा आउने नाएँ हो मेलम्ची । चुनावमा प्रत्यासी भएका नेताहरूले त काठमाडौंका काकाकुल जनतामा चारोस्वरूप बाँडेर भोट बटुल्ने बडो आकर्षक नाएँ बनेको छ यो मेलम्ची । यसपालि उनीहरूको पार्टीलाई जिताए, उनलाई भोट दिएमा काठमाडौंका घरघर आगन आगनमा मेलम्ची ल्याएर पानीको छेलोखेलो तुल्याई दिनेछन् रे उनले ।

तर त्यो मेलम्ची कहाँ छ, कति टाढा छ ? मलाई टेलिभिजनको एउटा प्रसङ्ग सम्झेर हाँसो उठ्छ । आफ्नो एउटा टेलिश्रृङ्खलामा सन्तोष पन्त एक डङ्गुर लुगाको पोको र श्रीमतीलाई मोटरसाइकलको पछाडि राखेर मेलम्ची खोज्दै हिंडिरहेको छ (‘कहाँ छ हू मिलम्ची ? कति टाढा छ त्यो ?’

सन्तोष पन्तलाई मेलम्ची गएर लुगा धुनु छ । तर मलाईचाहिं लुगा धुन वा मुख धुन मेलम्ची हेर्ने इच्छा जागेको होइन । गाएँको बसाइ भएको हुनाले मलाई त्यति दुःख छैन पानीको । मेरो घर आगनमा आफ्नै इनार छ । मलाई त खास रहरचाहिं हाम्रा राज नेताहरूको भोट पक्डने चारो बनेको त्यो मेलम्चीमा कति पानी रहेछ र त्यसको पानी काठमाडौं आइपुग्न सक्छ कि सक्तैन भनेर हेर्ने रहर मात्र जागेको हो । कस्तो होला त्यो मेलम्ची कति पानी होला त्यसमा ? कसरी ल्याइने होला त्यो पानी काठमाडौंमा ?

मेरो पारिवारिक सम्बन्ध त्यसै भेगमा भएको र आफ्नो उपन्यास ‘अविरल बग्दछ इन्द्रावती’को प्रवाह खोज्ने सिलसिलामा मैले त्यस भेगको धूलो निकै केलाएको छु । तर त्यतिखेर काठमाडौंका जनता त्यति सारो काकाकुल बनिसकेका थिएनन्, राजनेताहरूले पानी राजनीतिको कौडा हानेर भोट तान्ने त्यति अवसर पाइसकेका थिएनन्, त्यसैले मेलम्ची नाएँ मेरा लागि अधिराज्यको कुनै एउटा ठाएँको सामान्य नाएँ थियो । मलाई त्यस नाएँले राजनेताहरूको त्यत्रो भोट बैंक बन्ने सौभाग्य पाउने छ भन्ने आभाससम्म थिएन त्यतिखेर । त्यसैले त्यसप्रति त्यति चाख पनि थिएन तर आज‘

यता मुलुकमा प्रजातन्त्रको पुनर्बहाली भएपछि काठमाडौंका जनता पानी खान नपाएर काकाकुल बन्दै गए । अनि मेलम्ची पनि राजनीतिको एउटा महत्वपूर्ण कौडा बन्न पुग्यो र त्यसको पानी नाप्ने मेरो उत्सुकता पनि तीव्र हुदै गयो । त्यसको पानीले घरमा मुख धुने सौभाग्य नपाए पनि कम से कम त्यहीं गएर छुनसम्म त पाएँ । त्यति गर्न कुनै मुस्किल पनि थिएन । पचास रुपिनयाँ तिरिदिएको खण्डमा बसले चारै घण्टामा त्यहाँ पुऱ्याइदिइहाल्थ्यो । तर त्यसका लागि उपयुक्त साइतघडीपला पनि जुट्नु पर्ने रहेछ । त्यसैले म त्यस साइतको प्रतीक्षा थिएँ( कहिले जुर्ला त्यो साइत ?

अनि एक्कासि एक दिन त्यो साइत एकजना युवकका रूपमा ने.रा.प्र.प्र.को मेरो कार्यालय कोठामा छिऱ्यो । मेरो कार्यालय कोठा बाहिर आगन्तुकलाई अनेकन प्रश्नको अल्झोमा अल्झाएर रोक्ने पालेको व्यवस्था छैन, न त ‘भेट गर्ने समय २ बजेपछि मात्र’ भनेर लेखिएको सूचनापाटी नै ढोकामा झुण्ड्याएर राखिएको छ । मलाई भेट्न आउने जोसुकै जुनसुकैबेला पनि आफैं ढोका खोलेर भित्र पस्न सक्छ । उसको सामाजिक आर्थिकस्तर, व्यक्तिगत हैसियत कुनै कुराले पनि रोक्तैन उसलाई (हाम्रो प्रचलित कर्मचारीतन्त्रमा मेरो त्यति प्रभाव न हुनुमा शायद यो सहजै उपलब्ध हुनु पनि एउटा कारण हो कि ?) ।

त्यस दिन दिनको अपरान्ह समयमा एउटा गाएँले जस्तो लाग्ने केटो बिना रोकटोक मेरो कोठाभित्र पस्यो । त्यो केटो त्यस्तै बीस बाईस वर्षको जस्तो लाग्थ्यो र ऊ मेरो अगाडि आएर ठिङ्ग उभियो । त्यतिखेर त्यहाँ मेरा दुई जना भलाद्मी साथीहरू अघिदेखि आएर बसिरहेका थिए । त्यसरी एउटा अपरिचित केटो बिना रोकटोक भित्र पसेको देखेर मलाई अलि असहजताको अनुभव भयो । त्यसैले मैले उसलाई बस पनि भनिन र आफूलाई अलि गम्भीर र सहज देखाउने प्रयत्न गर्दै उसतिर हेरें (‘कति कामले ?’

ऊ एउटा भरखरै खुलेको नयाँ संस्था ‘नेपाली साहित्य कला केन्द्र’को एउटा सदस्य रहेछ । उसको संस्थाले आएँदो ३० गते मेलम्चीमा एउटा कार्यक्रम राखेको रहेछ । मलाई त्यहाँ जान अनुरोध गर्न आएको रहेछ । वास्तवमा उसको यो अनुरोध मेरा लागि ‘ढुङ्गो खोज्दा मिलेको देउताको बरदान’ भएको थियो । तर मैले महत्व देखाउन त्यति चाख नलिएझैं प्रदर्शन गरें(कस्तो कार्यक्रम ?

कविता वाचन र दुई पुस्तक विमोचनको कार्यक्रम रहेछ । केटो केही थिचिएझैं लाग्थ्यो । म पनि आफ्नो अर्थहीन पदगरिमाको बोझमुनि दबेको मानसिकताको प्रदर्शन गरेर आफ्नो सहज उपलब्ध नहुने स्थितिको आभास दिन एउटा आडम्बर ओडिरहेको थिएँ । त्यसैले उसप्रति किञ्चित उपेक्षाा दर्शाउने भावमा सोधें( अरु कोको जाँदैछन् ?

उसबाट थाहा हुन्छ माधव घिमिरे, मदनमणि दीक्षित, कृष्णप्रसाद पराजुली, कालीप्रसाद रिजाल, क्षेत्रप्रताप अधिकारी, यस्तै केही वरिष्ठ, केही कनिष्ठ साहित्यकारहरू जाने भएका रहेछन् । त्यसैले मलाई पनि जाने अनुरोध गरेको रहेछ । म पनि अब अलि सहजताको अनुभव गर्न थालेको थिएँ । सामान्य रूपबाट मैले आफ्नो स्वीकृति दिएँ ( हुन्छ म जान्छु । जानु पर्नेचाहिं कहिले ? ‘कसरी जाने ?

त्यस दिन तय गरिएअनुसार म निश्चित समय, अर्थात् २०५६ साल वैशाख ३० गते बिहान ७:३० जब कोटेश्वर तीन कुने पुग्छु । तर त्यहाँ वरिष्ठ साहित्यकारहरू त कुरै छोडौं स्वयं आयोजकको पत्तो हुँदैन । त्यहाँ त केवल एकजना नयाँ पुस्ताको कवि गोवर्धन पूजा अलमलिएर बसेको भेट्छु । मन कस्तो कस्तो हुन्छ । ‘के मैले आफूलाई साँच्चै सस्तो तुल्याएको हू ?‘कि हाम्राहरूलाई समयको चेतना अझै नभएको हो ? ‘ के समयको मामिलामा हामी अझै गम्भीर हुन सकेका छैनौं ? कहिले हुन्छौं ?

म गोवर्धन पूजासँग यस्तै विषयमा आफ्नो गुनासो पोख्न थाल्छु । त्यसै बखत मदनमणि दीक्षितजी आफ्ना दलबल (नगेन्द्रराज शर्मा, ज्ञानुवाकर पौडेल र यसपल्ट अतिरिक्त वासु पासासहित आइपुग्छन् ।(मदनमणिजी आफ्नै सवारी साधन( एउटा पिकप भ्यान लिएर आएका छन्) त्यसपछि घटराज भट्टराई र शरदचन्द्र शर्मा आइपुग्छन् । अनि मिलन कार्की( उही अस्ति मलाई अनुरोध गर्नगएको केटो र अरू केही युवा(युवतीहरू आइपुग्छन् । तर माधव घिमिरे, पराजुली, रिजाल, अधिकारीजस्ता वरिष्ठ साहित्यकारहरू अझै देखिएका छैनन् । के उनीहरू नआउने रे ?

अू उहाँहरू आउन नपाउने रे, मिलनबाट थाहा हुन्छ । घिमिरेज्यू भूपालमान पुरस्कार थाप्न जानुपर्ने रे, पराजुली बिरामी रे । अनि अरू वरिष्ठहरू ? ‘ उहाँहरू पनि ठुल्ठूला संस्था वा ठूला व्यक्तिद्वारा आयोजना गरिएका भव्य कार्यक्रमहरूमा जानुपर्ने भयो होला । हो मनु ब्राजाकी एकजना आएँदैछन् । त ठीकै छ, राजधानीका त्यस्ता भव्य र महत्वपूर्ण कार्यक्रममा शोभा बढाउन छोडेर वरिष्ठहरूले एउटा अनकण्टार पहाडको कुनामा अज्ञात नाम संस्थाद्वारा आयोजना गरिएको मामुली कार्यक्रममा भागलिन जानु त्यति गरिमामय पनि भएन नि ! त्यसमा पनि पब्लिक बस ।

ठीक ८:३० बजे मेलम्चीको बस गन्तव्यको लागि प्रस्थान गर्छ यसवर्ष समग्रमा मौसम अनुकुल नपरेकोले बाटामा जुन नयनाभिराम दृश्यको अपेक्षाा हुन्थ्यो त्यो मिल्दैन । प्रचण्ड गर्मीले तातेकी धर्ती फुङ्ग उडेका डाँडा(काँडा, पाखा पखेरा, हरियालीको दर्शन बिरलै पइने तर भूवरको को थुम्कोबाट तलतिर लागेपछि भने केही हरियालीको आभास मिल्न थाल्यो । अनि पाँचखालबाट उत्तर लागेपछि भने कतैकतै चैते धानका हरिया बोटहरू, कतै धानचमरा लागेका मकैका बोटहरू हावाको स्पर्शसँग झुल्न लागेका भेटिन थाले । तर अधिकांशमा भरखर भरखरै मकै छर्ने, बारी बनाउने तरखर भएको देखिन्थ्यो । यसपालिको विसङ्गत र असन्तुलित मौसमको परिणाम थियो यो ।

पाँचखालबाट उता लागेपछि उता भने धाइटार, सिपाघाट, ढाड खोलातिरका फाँट सिन्धु र पाल्चोकका डाँडाकाँडा, पाखा पखेरा भने हरियो पछ्यौरीले छोपिएका र हावाका स्वच्छताको आभास मिल्न थाल्यो । सिन्धु र पाल्चोकका पर्वतीय श्रृङ्खला माझका खोंचमा फैलिएको बगरमाझ झीनो कायामा (वर्षा नहुनाको कारणले) नागबेली गतिमा नृत्य गरेझैं बगेकी इन्द्रावतीको किनारकिनार हाम्रो बस उत्तरतिर कुदिरहेको थियो । बसको गतिसँगै हाम्रा आँखाहरू बाहिरको नयनाभिराम परिदृश्यमा चिप्लिंदै दगुरिरहेका थिए । बस आखिर यस जिल्लाको

प्रख्यात ठाएँ बाहुनीपाटीमा गएर केही झ्याणको विश्रामका लागि अडिएपछि त्यहाँ एक हुल स्कुलका केटाकेटीहरू आफ्ना तानाबानासहित हाहा र हुहु गर्दै बसमा उक्लिए उनीहरू चढेपछि बसको उराठलाग्दो वातावरण निकै जीवन्त र रमाइलो चहकले भरियो । यी केटाकेटीहरू यहाँदेखि मेलम्चीसम्म आज त्यहाँ हुने साहित्यिक कार्यक्रम हेर्न जान लागेका रहेछन् । उनीहरूको यस्तो उत्साह र उत्सुकता देखेर मलाई केही अचम्म र केही आनन्द पनि लाग्यो । के यो यहाँका केटाकेटीको साहित्यप्रतिको अनुराग हो ?'या त यो त्यस ठाएँमा पहिलोपल्ट आयोजना भएको कार्यक्रम भएर एउटा कौतुहलको प्रदर्शन मात्र हो ?'

बस एक झ्याण त्यहाँ अडेर फेरि गन्तव्यतिर दगुर्न थाल्यो बसको गतिका साथै मेरो मनको गति पनि दगुर्न थाल्यो । बाउन्ने पाटी ?' मेरो धारणामा आजसम्म यसको नाएँ यही थियो । तर यहाँ आएपछि के थाहा भयो भने यसको वास्तविक नाएँ चाहिं बाहुनीपाटी रहेछ । र यसका पछाडि एउटा किम्बदन्ती पनि रहेछ । यो किम्बदन्ती मलाई एउटी स्थानीय स्वास्थ्यसेविका, एउटी सभ्य र शिद्मित महिलाबाट सुन्न मिलेको हो । उनको भनाइअनुसार धेरै अगाडि एक जनी निसन्तान विधवी ब्राह्मणीले यात्रुहरू व्यापारी, ढाक्रे र अरुखाले बटुवाहरूका लागि आफ्नो धन खर्च गरेर एउटा पाटी (धर्मशाला) बनाइदिएकी थिइन् रे । बाहुनी बज्यैले बनाइ दिएकीले त्यसको नाएँ बाहुनी पाटी रहन गएछ । पछि सार्वजनिक पाटी त आजका अति भौतिकवादी संस्कृतिका उपज, आत्मकेन्द्रित दानवी प्रवृत्तिका मानिसको कहिल्यै नभरिने उदरमा कहिले पो समाहित भैसक्यो होला तर त्यसको सम्झनाचाहिं ठाएँको नाएँ बनेर जीवित छ ।

हाम्रो बस मेलम्चीका लागि दगुरिरहेको थियो । (यस ठाएँबाट मेलम्ची बजार अझै आधा घण्टा लगभगको दूरीमा (बसको यात्रामा पर्दोरहेछ) दानयाँ बानयाँका नाङ्गा डाँडा पखेराहरूमा नयाँ लगाइएका बोट बिरुवा, रुख पातका हरियालीले एउटा सन्देश दिइरहेको थियो' यहाँका मानिसमा वातावरणप्रतिको सचेतनता उद्बोधन हुन थालेको रहेछ । यसले के देखाउथ्यो भने मानिस एकातिर अति भौतिक अति स्वार्थी चिन्तनको कारणले भलै प्रकृतिबाट टाढा हुदै प्रकृतिसित गाँस्सिएको मानवतालाई लुछ्ने, चिथोर्ने र नङ्ग्रयाउनेतिर निर्दयतासाथ प्रवृत्त छ तर अर्कोतिर कृत्रिम यान्त्रिक सभ्यता प्रदत्त मानसिकताबाट पर आफूलाई प्रकृतिसँग गाँस्ने शाश्वत इच्छालाई पूर्णतया त्याग्न पनि सकिरहेको छैन । यसबाट के देखिन्छ भने मानव जातिकोपूर्ण विनाशको घडी अझ टाढै छ ।

साढे बाह्र बजे हाम्रो बस मेलम्चीको सानो पहाडी बजारको छेउमा गएर अडिन्छ । यस रुटको बस र हाम्रो यात्राको टुङ्गने यही नै हुन्छ । आधुनिक र पुरानो मिश्रित प्रविधिबाट निर्मित यो सानो बजारमा आवश्यक उपभोग्य सामग्रीका साथै आधुनिक जडाउरी सभ्यताको संक्रामक रोगका रूपमा भट्टी पसल, रक्सी पसल र होटेल आदि पनि प्रवेश गरिसकेको प्रष्ट देखिन्छ । पूर्व, उत्तर, दद्मिण तरेली परेर पस्रिएका उच्च श्रृङ्ग पर्वतमालाको पूर्व उत्तरी खोंच हूदै उत्तरबाटै आउने, अर्को खोलो मिलम्चीलाई आफूमै समाहित गर्दै बग्दै आएकी इन्द्रावतीको पश्चिम उत्तरी किनारामा लगभग तीन(चारसय मिटर अग्लो डिलमा लुटुक्क निदाए भैं लाग्ने यो सानो बजार अहिले ( चुनाउको समय भएकोले) विभिन्न पार्टीका पोष्टर, झण्डा ध्वजापताकाले दुलही भैं सिंगारिएको देखिन्थ्यो ।

बसबाट उत्रिएपछि हामीलाई सडकभन्दा पूर्व, पन्द्र बीस मिटरभित्रपट्टि इन्द्रावतीको डिलैमा भनेजस्तो स्थित एउटा आधुनिक(पुरातन मिश्रित शैलीको अतिथि गृह 'मेलम्ची गेष्ट हाउस'मा लगियो । सानो, चिटिक्क परेको सफासुघर त्यस गेष्टहाउसको अगाडि दुई खण्डमा सानो उद्यान, उद्यानमा दुई वटा गोल टेबिल, टेबिलको अगलबगल तीनचार, तीन चार मेचहरू शिरमाथि रङ्गीन छतरीठाएँ राम्रै लाग्यो । काठमाडौंको दृष्टिले हेर्ने हो भने यो अतिथि ृह यहाँका सन्दर्भमा दुई तारे होटेल भन्न सुहाउने । हामी पुग्दा उद्यानको उत्तरी खण्डमा मदनमणि दीद्मितजी अघिदेखि नै विराजमान भैसक्नु भएको रहेछ ।

छ सात कोठा भएको यो सानो होटेलमा प्रत्येक कोठमा तीन तीन वटा खाट थिए । एउटा कोठामा (अगाडि पट्टिकोमा) घटराज भट्टराई, शरदचन्द्र शर्मा र म पऱ्यौं । आफ्ना आफ्ना सामान, झोला, ब्रिफकेशहरू कोठामा थन्क्याएर हामी उद्यानको टेबिलमा खान बस्यौं । यो होटेल एउटा सानो परिवार ( एक जना सुन्दर युवा एउटी रूपसी युवती, (शायद पति पत्नी) र एउटा सानो राम्रो केटो(सहयोगीद्वारा चलाइएको रहेछ । सानो केटोले हाम्रा अगाडि खाना ल्याएर राखिदियो ।

ठाएँ हेरेर खाने कुरा राम्रै थियो(दाल(भात, आलुकाउली तरकारी, अचार र मासु पनि । खाना साँच्चै स्वादिलो थियो, अथवा ढोकामा घरिघरि चन्द्रमा झुल्केझैं झुल्किने एउटी १८(२० वर्षकी गोरी, आकर्षक र सुन्दर रूप रङ्गकी लोभ लाग्दी युवतीको (शायद होटेल मालिकनी) मोहक झलकले त्यसलाई बढी स्वादिलो तुल्याएको थियो ( अथवा भोकले) यो चाहिं अनुसन्धानकै विषय थियो ।

खाईपिई सकेपछि हामीलाई बजारभन्दा लगभग तीन चार सय मिटरमाथि पाटन परेको ठाएँमा स्थित इन्द्रेश्वरी मा.वि.को कार्यक्रम स्थलमा लगियो । यो माध्यमिक विद्यालय यहाँको एउटै मात्र पुरानो विद्यालय रहेछ । विद्यालयको बाहिर प्रवेशद्वारदेखि हातमा फूलका गुच्छा र मालाहरू लिएर पङ्क्तिबद्ध उभिएका विद्यार्थी( छात्रछात्राका माझ हुँदै उनीहरूका ताली र पुष्पगुच्छाको स्वागत(अभिवादन थापेर रोमाञ्चित हुँदै निर्दिष्ठ मञ्चमा लगियौ आसनग्रहणपछि प्रमुखअतिथिद्वारा मैनबत्ती बालेर कार्यक्रमको उद्घाटन गरेपछि मिलन कार्कीद्वारा लिखित दुई वटा नयाँ पुस्तक( एउटा उपन्यास र अर्को व्यङ्ग्य कविता सङ्ग्रहको विमोचनपछि वक्तव्यको क्रममा के थाहा भयो भने आजको कार्यक्रमको प्रमुख पात्र मिलन कार्की यस ठाएँको निवासी मात्र होइन यसै स्कुलको पुरानो छात्र पनि रहेछ । एस.एल.सी.मा यसै स्कुलबाट उच्चतम अङ्क ल्याएर उत्तीर्ण गरेको रहेछ । हाल ऊ काठमाडौंमा विज्ञानको छात्र रहेछ । विज्ञान विषय अध्ययन, तर रुचि भने साहित्य, यो पनि एउटा संयोगकै कुरो थियो । हुनै नसक्ने कुरा र विरोधी कुरा नै नभए पनि एउटा अलि अनौठो लाग्दोचाहिं थियो । तर जे होस्, भाषा शैली र प्रस्तुतिका दृष्टिले त्यति परिपक्क नभए पनि शुरूमै विमोचित दुई पुस्तकका अतिरिक्त उसको अर्को एउटा पुस्तक पनि विमोचनका लागि तयार रहेको थाहा भयो । अनि अङ्ग्रेजीमा लेखिएको जिल्ला परिचय सम्बन्धी पुस्तक ब्ल क्तगमथ या क्ष्लमजगउबअिजयप, ल्भउबि पनि थियो ।

विमोचन कार्यक्रमपछि कवितावाचन कार्यक्रम चल्यो । स्थानीय कवि कवयित्री र काठमाडौंबाट लगिएका पाहुना कविहरूका लगभग उत्तिकै सङ्ख्यामा रहेको यो कविता वाचन कार्यक्रम यस ठाएँमा भएको पहिलो कार्यक्रम भन्ने थाहा भयो । त्यसैले होला स्रोताहरूको सङ्ख्या र उनीहरूको श्रोत्रीय धैर्य निकै प्रशंसायोग्य देखिन्थ्यो । अझ श्रोताहरू साथै वाचनमा भागलिने छात्रछात्राको उत्साह र उमङ्ग देखेर प्रशंसा गर्न इच्छा लाग्थ्यो । यहाँ अर्को प्रशंसनीय कुरा के देखियो भने यो कार्यक्रम आयोजनामा इन्द्रेश्वरी मा.वि.को बहुपक्षीय सहयोग थियो । यसरी एउटा शैक्षिक संस्थाले साहित्यिक संस्थालाई सक्रिय सहयोग गर्ने परम्परा सबै ठाएँमा र सधैं कायम रहन सके परस्परको सौहार्द्रता मात्र होइन एक अर्काको विकास र उन्नतिमा सहयोग हुने छ ।

कार्यक्रमपछि चियापान गरेर हामी लगभग ३०० मिटर तल मेलम्चेको पानी छुन भनेर पाखो वर्लियौं । मेलम्ची खोलामाथि नयाँ बनेको झोलुङ्गे पुलमा हल्लिँदै मच्चिँदै पारि गयौं । तर मदनमणि, वासु पासा र ने.सा.क. केन्द्रका कोरली केटीहरू भने किन हो पुल तर्न चाहेनन् वारिपट्टि नै बसे ।

हामी(युवाकवि गोवर्धन पूजा, घटराज भट्टराई, शरद चन्द्र शर्मा म र एक जोडी लिम्बू केटाकेटी (शायद प्रेमी प्रेमिका) अनि सुरेन्द्र, मिलन कार्की र नाएँ नचिन्नेको अरू केही बडो उमङ्गका साथ घुडाघुडासम्म पाइण्ट स्याहारेर खोला तऱ्यौं । मेलम्चीको चिसो पानीको स्पर्श गर्दै (त्यो पानी काठमाडौं पुऱ्याएर मुख धुने, राजनेताले देखाएको सपनामा रमाएँदै) हामी बडो उल्हासित भयौं । त्यसमाथि खोला माझको चेप्टो ढुङ्गामाथि बसेर चिसो पानीमा गोडा खेलाएँदै सुभद्रा सुब्बा (अगि उल्लेख गरिएकी लिम्बू केटी)को रमाइलो र खुल्ला ठट्टा झेल्दा बडो रमाइलो अनुभवमा डुबुल्की मार्दामार्दै मैले झण्डै झण्डै आफ्नो वर्तमान स्थिति वर्तमानहरू पनि बिर्सन चाहेको थिएँ ।

मेलम्चीको पानीले काठमाडौंमा मुख धुने सपना पूरा जहिले होला, अथवा नहोला तर हामीले त्यसको अनुभव चाहिं त्यहीं गर्न पायौं । तैपनि पानी राजनीतिको मुख्य थलो(मेलम्ची परियोजना स्थल हेर्ने शौभाग्य भने मिल्न सकेन । किनभने त्यो स्थल त्यहाँबाट झण्डै एक डेढ दिन पैदलको दूरीमा पर्ने रहेछ । अनि इतिहास प्रसिद्ध शेर्पा जातिको इतिहासप्रसिद्ध बस्ती हेल्मु नगरी पनि त्यतैबाट जाइँदो रहेछ । मेलम्चीको त्यो नयाँ पुल तरेर खोलाको किनारै किनार, उत्तरतिको पर्वतीय खोंच हुँदै दिनभर हिंडेर लेक चढेपछि भेटिन्छ रे त्यो प्रसिद्ध हेल्मु, दिव्याङ्गमा किन्न कन्यासुन्दरी शेर्पिनीहरूको देश हेल्मु, स्वामी महाराज रणबहादुर शाहकी रानी त्रिपुरा सुन्दरीको निर्वाशन स्थल हेल्मु नगरी !

केही बेर मिलम्चीको पानीसँगको रमाइलो क्रीडापछि हामी निवासतिर फर्कन्छौं । फर्कंदा बजारको उत्तरी टुङ्गोबाट केही पूर्व अलिकति ओरालोजस्तो झरेपछि इन्द्रावती माथिको अर्को नयाँ झोलुङ्गे पुल तरेर हामी पारि गयौं । यो नयाँ बनेको पुलको स्थानमा एउटा ऐतिहासिक पुल थियो रे । तर त्यो आज छैन । त्यो ठाएँ उल्लेखनीय हुनुमा चाहिं त्यहाँको पुरानो वा नयाँ पुल कारणले होइन, त्यहाँ अनुभव हुने एउटा इतिहासको सुगन्धको कारणले हो । अर्थात् इतिहास प्रसिद्ध लिच्छवि सामन्त अंशुवर्माकी छोरी राजकुमारी भृकुटी तिब्बत सम्राट स्रङ्चन् धम्पकी पटरानी बन्न पहिलो पल्ट तिब्बत जान यही बाटो भएर गएकी थिइन् आज पनि पूर्वी नेपाल जाने पैदल बाटोका रूपमा प्रयोग हुदै आएको छ र सिन्धुपाल्चोक जिल्लाको सदर मुकाम चौतरा जान पनि यही बाटो जाइने चलन छूदैछ । त्यसैले त्यो प्रसिद्ध भएको रहेछ ।

केहीबेर इन्द्रवतीको पूर्वी किनाराको त्यो प्रसिद्ध ऐतिहासिक बाटोमा पाइला चलाएर हामी गेष्ट हाउस फर्क्यौं । गेष्ट हाउस पस्नुभन्दा पहिले मैले घरमा फोन गरें । आजै बिहान श्रीमतीलाई शिघ्राण अस्पताल भर्ना गर्ने कुरा थियो । किनभने आज सोह्र वर्षपछि श्रीमतीको पुरानो रोग(छातीको अर्बुद फेरि उकुल्चिएकोले उसलाई पुनः केमो थेरापीमा राख्ने नियति भोग्नुपरेको छ जुन कुरा सपनामा पनि सोचिएको थिएन । रात भरि यही कुराको चिन्ताले त्यति राम्रो निन्द्रा पनि परेको थिएन । भोलिपल्ट बिहान पाँचै बजे उठ्छु । एकपल्ट इन्द्रावतीको चिसो पानी छुने इच्छाले पाखो वर्लिएर लगभग चार साढे चार सय मिटर परको इन्द्रावती पुग्छु । त्यसको ठण्डा पानीको स्पर्श गर्दै बहने बिहानको शीतल हावाले सुम्सुम्याइूदा बडो आनन्दको अनुभूति हुन्छ । बगरका ढुङ्गाहरूको उबडखाबड सतहमा ढलपल पाइला र कतै किनारामा पुग्छु । गोवर्धन पूजा र अरू एक दुई केटाहरू पहिले नै त्यहाँ पुगेर पानीमा डुबल्की मार्दै हुन्छन् । उनीहरूको त्यो केली देखेर मलाई पनि डुबुल्की मार्ने मन हुन्छ । तर आफूलाई सदाबहार खोकीको व्यथा भएकोले चिसो पानीमा डुबुल्की मार्न आँट आएँदैन । त्यसैले त्यो शीतल पानीमा हातगोडा मात्र चोपलेर मुखमा छ्यापेर मात्र सन्तोष गर्छु ।

पूर्व निर्धारित कार्यक्रम अनुसार हाम्रो प्रस्थान समय ८:३० मा थियो । तर हाम्रा डफ्फाका केही उरण्ठ्यौला केटाकेटीहरूको मनमोजी चालाले गर्दा ८:३० को काठमाडौं बस छोड्न् विवस भयौं । तर घटराजजीको कुनै विशेष कार्यक्रम भ्याउनु पर्ने भएकोले उहाँ भने त्यसै बसमा जानुभयो । हामी चाहिं ९:३० को बसमा काठमाडौंका लागि प्रस्थान गर्‍यौं ।

यसरी मेरो मेलम्ची हेर्ने धोको पूरा भयो । तर पानी राजनीतिको खास थलो ‘मिलम्ची खाने पानी योजना भने हेर्न पाइएन । तैपनि त्यहाँ बगेर आइपुगेको पानीको आयतन र राजधानी उपत्यका र त्यसको माझ ठूलो व्यवधान भएर उभिएका गगनचुम्बी पहाडका पर्खालहरू देखेर मलाई के लाग्यो भने त्यत्रा त्यत्रा पहाड छेडेर त्यो सीमित पानी ल्याएर काठमाडौंको सडक पखाल्ने कुरा न त्यति सजिलो र सम्भव छ, न त हाम्रा राजनेताहरूको वास्तविक चाहना नै हो त्यो, त्यस लोभलाग्दो नाराको वास्तविकता त के हो भने पानी खान नपाएर प्याकप्याकी परेका निरीह, निमुखा जनतालाई एउटा आशा, एउटा मिठो सपनामा झुण्ड्याएर प्रत्येक पाच वर्षमा उनीहरूको भोटरूपी काँध चढेर सत्तामा पुग्ने र सत्ता शक्तिको आनन्द उठाएर राज गर्ने एउटा अमोध उपाय मात्र हो